081-5▪151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा , युवा तथा खेलकुद महाशाखा

नेपालगन्ज , बाके लुम्विनी प्रदेश ।

पत्र संख्या: -२०८११८०
च.नं. -४४३

नेपालगन्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगन्ज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति:२०८०।०१।०६

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरु
नेपालगन्ज उप महानगरपालिका , बाँके ।

प्रस्तुत विषयमा यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुको मिति २०७९।०१।०५ गतेको प्रधानाध्यापकहरुको वैठकबाट तपसिल वमोजिमका निर्णयहरु भएकोले सोको कार्यान्वयनको लागि जानकारी गराइन्छ ।

**तपसिल**

१) शै.स.२०८० को विद्यार्थी भर्ना अभियान मिति २०८० बैशाख १५ गतेसम्म सन्चालन गर्ने,

२) शै.स.२०८० को कक्षा सन्चालन मिति २०८० बैशाख १० गतेबाट सन्चालन गर्ने,

३) विद्यार्थी नियमितताको लागि अभिभावकहरुसंग छलफल गर्ने र ७०% हाजिरी नहुने विद्यार्थीहरुलाई परीक्षामा सहभागी नगराउने तथा विद्यालयले त्यस्ता विद्यार्थीहरुलाई विद्यालयबाट कुनै पनि सेवा सुविधा उपलव्ध नगराउने भन्ने सम्वन्धमा जानकारी गराउने,

४)शै.स.२०७९ को कक्षा १–९ को विद्यार्थीहरुको सिकाइ उपलव्धी मिति २०८० बैशाख २० गतेसम्म शिक्षा , युवा तथा खेलकुद महाशाखामा पेश गर्ने,

५) शै.स.२०८० को विद्यालय सुधार योजना (SIP) बैशाख मसान्तसम्म अपडेट गरी स्वीकृत गर्ने,

६) शै.स.२०८० मा शिक्षक विद्यार्थी उपस्थिति दरमा वृद्धि गर्न प्रत्येक महिनाको अन्तमा हाजिरी विश्लेषण र समिक्षा गर्ने,

७) विद्यालयमा स्टाफ वैठक वसी शै.स.२०७९ को नतिजाको समिक्षा गरी शैक्षिक सिकाइ उपलव्धीको सुधारको लागि सिकाइ उपलव्धी सुधार योजना निर्माण र कार्यान्वयन गर्ने,

८) विद्यालयले वार्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गर्ने ।

९) शै.स.२०७९ को विद्यार्थी भर्ना , परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण मिति २०८० बैशाख २० गतेसम्म शिक्षा,युवा तथा खेलकुद महाशाखामा पेश गर्ने ,

१०) आधारभूत तह कक्षा (१–८) सम्म स्थानीय पाठयकम कार्यान्वयन गर्ने,

११) विद्यालयमा प्रति कक्षा ५० जना भन्दा वढी विद्यार्थी भएमा थप सेक्सन सन्चालन गरी पठनपाठनलाई व्यवस्थित गर्ने ।

**बोधार्थ**

श्री सुचना प्रविधि शाखा (सूचना अपलोड गरीदिनु हुन ) ।

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)